# कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
३ नं. प्रदेश, नेपाल

मितिः २०७६।८।२२

प.सं.:-प.स. ०७६।७७
च.नं.:-च.नं. ९२८७

*(कृपया जवाफ पठाउँदा पूर्व पत्र संख्या, चलानी नं. र मिति उल्लेख गर्नुहुन।)*

विषयः निर्देशन सम्बन्धमा ।

श्री सवै सामुदायिक विद्यालयहरु
कालिका नगरपालिका चितवन ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको को च नं २३० मिति २०७६।८।१५ को प्राप्त पत्रानुसार तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग अनुसन्धान महाशाखा नं ४ को प. सं ४ स्थानिय २०७६।०७७ च नं ९५०० मिति २०७६।८।१५ को पत्रानुसार सार्वजनिक सेवा प्रवाह लगायतका कार्य हरु गर्दा अनियमितता एवं भ्रष्टाचारजन्य क्रियाकलाप भएको भनि प्राप्त भएका उजुरी हरुको छानविन अनुसन्धान र तहकिकात गर्दा देखिएका विभिन्न सवाललाइ विष्लेषण गरि सम्मानित आयोगवाट प्राप्त सुझावहरु कार्यान्वयन गर्नु गराउनुहुन परिपत्र गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट प्राप्त सुझावहरुः

१. अस्थायी शिक्षकका रुपमा कार्यरत रहेका वर्षौंसम्म प्रतिस्पर्धावाट छनौट र सिफारिस हुन नसकेका शिक्षक हरुलाई नेपाल सरकारले सुविधासहित सेवावाट अवकाश दिएकोमा सम्वन्धित विद्यालयले प्रक्रिया प-याई पुःन करारमा नियुक्ती दिइएको पाइएकोले सो विषयमा सम्वन्धित मन्त्रालयवाट स्पष्ट मार्गनिर्देशन हुनु पर्ने ।
२. विना मापदण्ड स्थानिय तह वाट शिक्षक दरवन्दी सिर्जना र नियुक्ती गरेको र नियुक्ती गर्ने क्रममा तोकियको न्यूनतम योग्यता नभएका व्यक्ति/ आफन्त/नातेदारलाई समेत नियुक्ती दिएको देखिएकोले सम्वन्धित मन्त्रालयवाट तोकिएको मापदण्डको आधारमा दरवन्धी संख्या निर्धारण गरि विधमान दरवन्दीको पुन वितरणगरि तत्पश्चात मात्र तोकिएको प्रक्रियाबमोजिम दरवन्दी सृजना गरि प्रतिस्पर्धाका आधारमा पदपुर्ती गर्नु पर्ने ।
३. विद्यार्थी संख्या कम भएका र पर्याप्त भौतिक सुविधा भएका सामुदायिक विद्यालयमा भौतिक सुधारका कार्यक्रम वितरण भइ राज्यस्रोतको दुरुपयोग हुने गरेको पाइएकोले स्पष्ट मापदण्डनिर्धारण गरि सो कार्यान्वयनको नियमन र सोको विपरित भएमा कारवाहिको व्यवस्था हुनुपर्ने ।
४. लक्षित समूहका विद्यार्थीहरुका लागि प्राप्त छात्रवृति वितरणमा ढिलाइ गर्ने एक आ. व.को रकम अर्को आ व मा वितरण गर्ने निकासा रकमको तुलनामा कम रकम मात्र वितरण गरि वाँकि रकम अन्य

यज्ञ पुरी
प्रमुख प्रशासकीय अधिकृत

# कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
३ नं. प्रदेश, नेपाल


प.सं.:-

च.नं.:-

*(कृपया जवाफ पठाउँदा पूर्व पत्र संख्या, चलानी नं. र मिति उल्लेख गर्नुहुन ।)*

प्रयोजनमा खर्च गर्ने कतिपय अवस्थामा रकम वुझाएको भनि गराइका बील /भरपाइ समेत विश्वसनिय नदेखिएकोले छात्रवृती वितरण गर्ने समय तोक्ने विषेष समारोहमा सम्वन्धित पदाधिकारिको उपस्थितिमा वितरण गर्ने सम्वन्धित निकायवाट सो को नियमन गर्ने वितरण पश्चात वाँकि रहेको रकमफिर्ताहुने व्यवस्था मिलाउने र गलत विवरण पेश गर्ने जिम्वेवार व्यक्तीलाई कारवाहिको दायरामा ल्याउने ।

५. विद्यालयको सम्पती/जग्गा अतिक्रमण गर्ने मापदण्ड र आधारवेगर व्यक्ती / संस्थालाइ उपभोग गर्न दिने विद्यार्थीको खेल क्षेत्र मासेर लामो अवधिको लिज /भाडामा लगाउने गरेको उक्त कार्य गर्दा आवस्क प्रक्रिया पुरा नगरिएको जस्ता अव्यवस्थित कार्य लाई व्यवस्थित गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) ज (९) ले स्थानिय तहलाई जिम्मेवार वनाएकोले सो विषयमा स्पष्ट आधार निति नियम तर्जुमा गरि विद्यालयको सम्पतिको उपयुक्त व्यवस्थापन र संरक्षण गर्नुपर्ने ।

६. आयस्रोत भएका विद्यालयले विना आधार र मापदण्ड शिक्षक कर्मचारीलाई थप सुविधा /प्रोत्साहन भत्ता उपलव्ध गराउने गरेको विद्यालयमा एक भन्दा वढी कार्यक्रम प्राविधिक क्याम्पस CTEVT सम्वद्ध कार्यक्रम आदि संञ्चालन भएको अवस्थामा उहि समयमा एक चन्दा वढी कार्यक्रममा काम गरि दोहोरो/तेहोरो सुविधा लिएको एक भन्दा वढी कार्यक्रम /संस्थामा पूणकालिन नियुक्ती लिएको जस्ता कार्यहरु नियम संगत नदेखिँदा शिक्षक कर्मचारीलाई प्रोत्साहान/थप सुविधाका सम्वन्धमा स्पष्ट आधार मापदण्ड तय गरी सोको आधारमा थप सुविधा र उपलव्ध स्रोत सहितको प्रस्ताव स्थानीय तहमा पेश गरि स्विकृत भए पश्चातमात्र थप सुविधा उपलव्ध गराउन एउटै समयमा एक भन्दा वढी संस्था/कार्यक्रममा काम गर्न निषेध गर्ने /कारवाहि गर्ने व्यवस्था गर्नुपर्ने ।

७. विद्यालयमा लेखा व्यवस्था तथा लेखा अनुसासन शिक्षा नियमावली को नियम १६५ विपरित एउटा शीर्षकको रकम अर्को शीक्षकमा खर्च गर्ने नियम १६९ वमोजिम विद्यालय कोषको संञ्चालन नहुने एक भन्दा वढी वैक खाता संचालन नियम १७० र १७१ वमोजिम आय व्ययको लेखा र लेखापरीक्षणको कार्य नभएको नगरिएको नियम १७१ क वमोजिम सामाजिक परीक्षणको व्यवस्था कार्यान्वन नभएको पेश्की फछ्यौट/वरवुझारत नभई रमाना मा प्रर्याप्त कमि कमजोरी रहेको र हाल स्थानिय सरकार संञ्चालन ऐन २०७४को दफा ११ (२) ज (२१)ले स्थानिय तहलाई लेखा अनुशासन कायम गर्ने जिम्वेवारी दिएकोले सो सम्वन्धी नियम/विनियम/कार्यविधि निर्माण गरी व्यवस्थित गर्नुपर्ने

८. विद्यालयमा व्यवस्थित अभिलेख नराख्ने तोकीएको ढाचामा अभिलेख नराख्ने निकाशा माग गर्ने प्रयोजन र विद्यालय प्रयोजनका लागि छुटै अभिलेख राख्ने सरुवा भै जाँदा अभिलेखकव वरवुझारथ नगर्ने लगायतका अभिलेख व्यवस्थापन सम्वन्धी समस्याहरु देखिएको हुँदा सो विषयमा उपयुक्त निर्देशन /नियमन/अनुगमन/कारवाही गर्नुपर्ने भनि लेखि आएकोले सवै विद्यालयले सोहि अनुसार गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

२०७६।८।२२

यज्ञ पुरी

प्रमुख प्रशासकीय अधिकृत